फलेवास नगरपालिका

# फलेवास नगर कार्यपालिकाको राजपत्र

खण्डः ३ संख्याः ९ मितिः २०७७/०६/२२

भाग-२

**फलेवास नगर कार्यपालिका**

## फलेवास नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन कार्यविधि, २०७७

कार्यपालिकावाट स्वीकृत मिति : २०७७/०६/२२

नेपालको संविधान २०७२ को अनुसूची-८ "स्थानिय तहको अधिकारको सूची" मा व्यवस्था भए अनुसार कृषि उत्पादन तथा व्यवस्थापन, पशु स्वास्थ्य तथा कृषि प्रसारको व्यवस्थापन सम्बन्धी कार्यहरु स्थानीय तहबाट सम्पादन गर्नु पर्ने भएको र संघियता कार्यन्वयनको सन्दर्भमा बजेट कार्यक्रम, जनशक्ति तथा साधन श्रोतहरु स्थानीय तहमा हस्तान्तरण हुदै गरेको सन्दर्भमा कृषक समुदायको जिविकोपार्जनमा अनादिकालदेखि महत्वपूर्ण स्थान ओगटेको कृषि व्यवसायलाई विविधिकरण, व्यवसायीकरण, आयमुलक तथा सम्मानित पेशाको रुपमा विकास गरी कृषि जन्य वस्तुको उत्पादन, उत्पादकत्व वृद्धि गर्दै बजारीकरण तथा प्रशोधन व्यवस्थापन गरि यस नगरपालिकाकाबाट संचालन हुने कृषि विकास सम्बन्धी कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनको लागि फलेवास नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७५ को दफा ३६ बमोजिम कार्यबिधि तयार गरी जारी गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यो कार्यविधिको नाम "**फलेवास नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन कार्यविधि २०७७**" रहेको छ।

ख. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

ग. यो कार्यविधि फलेवास नगरपालिका भर लागु हुनेछ।

२. **परिभाषा** : बिषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. "नगरपालिका" भन्नाले फलेवास नगरपालिका सम्झनु पर्ने छ।

ख. "कार्यपालिका"भन्नाले फलेवास नगरपालिका नगर कार्यपालिकाको कार्यालय लाई सम्झनु पर्ने छ।

ग. "शाखा" भन्नाले फलेवास नगरपालिकाको कृषि  तथा पशु विकास शाखा लाई सम्झनु पर्ने छ।

घ. "वडा" भन्नाले फलेवास नगरपालिका अन्तर्गत पर्ने ११ वटा वडाहरु सम्झनु पर्ने छ।

ङ. "प्राविधिक" भन्नाले फलेवास नगरपालिकामा कार्यरत वा कृषि विकास शाखाले तोकिएको सम्बन्धित प्राविधिक सम्झनु पर्ने छ।

च. "कृषक" भन्नाले कृषि पेशालाई प्रमुख पेशा बनाई  ५० (पचास) प्रतिशत भन्दा बढी समय र परिश्रम (मानसिक वा शारिरिक) सो पेशामा लगानी गरेको र पारिवारिक खर्चको कम्तीमा (चालिस) प्रतिशत योगदान कृषि पेशाको आम्दानीबाट हुने गरेको व्यक्ति वा एकाघरको परिवारलाई सम्झनु पर्छ ।

छ. "कृषि" भन्नाले बागबानी, अन्नबाली, नगदेबाली, माछा, मौरी, रेशम, च्याउ ...लगायतका तथा पशुपंक्षीपालन भन्ने सम्झिनुपर्छ ।

ज. "सहकारी" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको कृषि सम्बन्धी कार्य गर्ने संस्था लाई सम्झनुपर्छ।

झ. "कृषक समूह" भन्नाले कृषि पेशामा संलग्न भई मिल्दजुल्दा समस्या, आवश्यकता र चाहनाहरु भएका न्यूनतम १० वा सो भन्दा बढी व्यक्तिहरु मिलेर सामूहिक प्रयत्नद्वारा कृषि क्षेत्रमा साझा उद्देश्यहरु प्राप्त गर्न स्थापना भई आधिकारिक निकायमा दर्ता भएको संस्थालाई सम्झनु पर्छ ।

ञ. "स्थानिय समिति भन्नाले"  "अनुदानको मल बितरण व्यवस्थापन निर्देशिका २०७७" को दफा १० बमोजिमको स्थानिय तह मल बितरण व्यवस्थापन समिति सम्झनु पर्छ ।

ट. “मल” भन्नाले नेपाल सरकार बाट अनुदान प्राप्त रासायनिक, प्राङगारिक, सम्मिश्रित, र जिवाणुयुक्त मल सम्झनु पर्छ ।

३. **उद्देश्यः** यो कार्यविधिको निम्न अनुसारको उद्देश्य रहेको छ।

क. कृषि फार्म, समुह दर्ता तथा नविकरण लाई व्यवस्थित गर्ने ।

ख. मल बिक्रिलाई सहज र गुणस्तरिय बनाउने ।

ग. मासु बिक्रिलाई सहज र गुणस्तरिय बनाउने ।

घ. प्रविधि हस्तान्तरण मार्फत कृषि व्यवसायलाई व्यवसायीकरण गरी आत्मनिर्भर, आधुनिक र प्रतिस्पर्धी बनाउने ।

ङ. कृषि उपजको सरल र सुलभ बजार पहुँच वृद्धि गर्दै आयात प्रतिस्थापन गरि निर्यात प्रबर्धन गर्दै कृषकहरुको आयस्तरमा सुधार गर्ने ।

च. कार्यक्रमहरु व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्ने।

## परिच्छेद-२

### ४. कृषि तथा पशुपंक्षी फार्म दर्ता सम्बन्धी व्यवस्था

१. कृषि व्यवसाय सञ्चालन गर्न चाहाने कृषकले फलेवास नगरपालिका कृषि प्रबर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५ दफा २८ बमोजिम दर्ता गर्न सक्नेछन ।

२. उपदफा १ बमोजिमको व्यवसाय दर्ता गर्न तपशिल बमोजिमको मापदण्ड पुरा गर्नुपर्ने छ ।

क. खाद्यान्न बालीः २० रोपनी

ख. तरकारी बालीः ३ रोपनी खुल्ला वा प्लास्टिक घर भित्र खेति ३०० वर्ग मिटर

ग. मौरीपालनः२० वटा घार

घ. च्याउ खेतिः कन्य वा गोब्रे ५०० बर्ग फिट डोम हाउस भित्र, वा सिताके ५०० मुढामा

ङ. फलफुल तथा नगदेबाली : १० रोपनी

च. फलफुल नर्सरी : न्युनतम १०००० विरुवा उत्पादन गर्नुपर्ने

छ. माछापालन : ३०० बर्गमिटर पोखरी

ज. भेडा बाख्रा : १५ गोटा माउ

झ. गाई भैसि : ५ गोटा माउ

ञ. हाँस, टर्कि, लौकाटः १०० गोटा

ट. ब्रोईलर :५०० गोटा

ठ. लेयर्स कुखुरा : ३०० गोटा

ड. ड्यूल पर्पोज वा स्थानिय कुखुरा :२०० गोटा

ढ. ब्रोईलर कुखुरा:५०० गोटा

ण. बङगुर :५ गोटा माउ

३. व्यवसाय दर्ता गर्न तोकेअनुसार दस्तुर तिर्नुपर्नेछ ।

४. व्यवसाय दर्ता पश्चयात अनुसुचि १ बमोजिमको प्रमाणपत्र उपलब्ध गराईनेछ ।

५. व्यवसाय दर्ता गर्न तपसिल बमोजिमको कागजात सङ्लग्न गर्नुपर्नेछ ।

क. निवेदन

ख. सम्बन्धित वडा कार्यालयको सिफारिस

ग. व्यवसायिक कार्ययोजना ( अनुसुचि ४ बमोजिमको )

घ. नागरिकताको प्रतिलिपि

ङ. लालपुर्जाको प्रतिलिपि वा अर्काको जग्गाको हकमा न्युनतम ५ वर्षे करार सम्झौता सहित लालपुर्जाको प्रतिलिपि

च. कृषक परिचय पत्र

छ. सधिंयारको मञ्जुरीनामा सहिछाप सहित

ज. सञ्चालक को फोटा २ प्रति पासपोर्ट साइज

६. एकिकृत फर्मको हकमा उपदफा २ बमोजिम प्रत्येक क्षेत्रको न्युनतम मापदण्ड पुगेको हुनुपर्नेछ ।

७. दर्ता पश्चात फार्म प्रस्ट देखिने गरी फार्म सञ्चालन स्थानमा साईन बोर्ड टाँस गर्नुपर्नेछ ।

८. प्रमाण पत्र व्यवसाय स्थानमा देखिने गरि राख्नुपर्नेछ र नगरपालिकाका कर्मचारीले हेर्न चाहेको बखतमा तुरुन्त देखाउनुपर्छ ।

९. कृषकले फार्म दर्ता क्रममा व्यवसायिक कार्ययोजना विपरितका कार्य गरेको पाईएमा प्रमाणपत्र रद्द गर्न सकिने छ ।

## ५. कृषि तथा पशुपन्क्षी फार्म नविकरण सम्बन्धि व्यवस्था

१. दफा ४ बमोजिम दर्ता भएका कृषि व्यवसाय प्रत्येक नयाँ आर्थिक वर्षमा नविकरण गर्नुपर्ने छ ।

२. नविकरणको लागि वडा कार्यालयको सिफारिस सहित सक्कल प्रमाणपत्र पेश गर्नुपर्ने छ ।

३. नविकरण गर्दा गत आ व को प्रगती (उत्पादन / बिक्रिबितरण) को विवरण पेश गर्नुपर्ने छ ।

४. नविकरण को लागि तोके बमोजिमको शुल्क तिर्नुपर्ने छ ।

## ६. कृषक समुह दर्ता सम्बन्धी व्यवस्था

१. कृषि पेशामा संलग्न भई मिल्दाजुल्दा समस्या, आवश्यकता र चाहनाहरु भएका न्यूनतम १० वा सो भन्दा बढी व्यक्तिहरु मिलेर सामूहिक प्रयत्नद्वारा कृषि क्षेत्रमा साझा उद्देश्यहरु प्राप्त गर्न स्थापना भई खोलिएका कृषि समुह नगरपालिकामा दर्ता गर्नुपर्ने छ ।

२. समुह समिति दर्ता गर्न तोकेअनुसार दस्तुर तिर्नुपर्नेछ ।

३. समिति समुह दर्ता गर्न तपसिल बमोजिमको कागजात सङ्लग्न गर्नुपर्नेछ ।

   क. निवेदन
   
   ख. सम्बन्धित वडा कार्यालयको सिफारिस
   
   ग. समुह समितिको निर्णयको प्रतिलिपि
   
   घ. सक्कल बिधान १ प्रति
   
   ङ. सदस्यहरुको नागरिकताको प्रतिलिपि
   
   च. महिला सदस्य ३३ % हुनु पर्नेछ । साथै अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये न्युनतम एक जना महिला हुनुपर्ने छ ।
   
   छ. अध्यक्ष, सचिव र कोषाध्यक्षको फोटा २ प्रति पासपोर्ट साइज

४. दर्ता भएका समुह लाई अनुसुचि २ बमोजिमको प्रमाणपत्र दिईनेछ ।

५. समुहले दर्ता क्रममा पेस गरेको बिद्यान बिपरित काम गरेको पाईएमा प्रमाणपत्र रद्द गर्न सकिने छ ।

## ७. कृषक समुह नविकरण सम्बन्धी व्यवस्था

१. दफा ६ बमोजिम दर्ता भएका समुह समिति प्रत्येक नयाँ आर्थिक वर्षमा नविकरण गर्नुपर्ने छ ।

२. नविकरणको लागि वडा कार्यालयको सिफारिस सहित सक्कल प्रमाणपत्र पेश गर्नुपर्ने छ ।

३. नविकरण गर्दा गत आ व को प्रगती उत्पादन बिक्रि बितरण को प्रतिवेदन पेश गर्नुपर्नेछ ।

४. नविकरण गर्दा समुहको निर्णयको प्रतिलिपि पेश गर्नुपर्ने छ ।

५. गत आ व को सामाजिक लेखा परिक्षण गरी समुह भेलाले पारित गरी पेश गर्नुपर्नेछ ।

६. नविकरण को लागि तोके बमोजिमको शुल्क तिर्नुपर्ने छ ।

## ८. मल बिक्रि बितरण सम्बन्धी व्यवस्था

१. नेपाल सरकार बाट अनुदान प्राप्त रासायनिक, प्राङगारिक, सम्मिश्रीत र जिवाणुयुक्त मलको सहज र सुलभ आपुर्तिको लागि "अनुदानको मल बितरण व्यवस्थापन निर्देशिका २०७७" बमोजिम नगरपालिकाले मल बिक्रिबितरण सम्बन्धी व्यवस्था जारी गरेको छ।

२. नगरपालिकामा अनुदानको मलको बिक्रिबितरणको लागि बिक्रेता को प्रमाणपत्र अनिवार्य लिनुपर्ने छ ।

३. मलको परिणाम निर्धारण, बिक्रेता नियुक्ति सिफारिस, मल बिक्रि कार्यालयको सुचि सार्वजनिक, बिक्रि मुल्य निर्धारण, अनुगमन तथा निरिक्षण र मल बिक्रेता प्रमाणपत्र खारेज गर्न सिफारिस "अनुदानको मल बितरण व्यवस्थापन निर्देशिका २०७७" को अधिनमा रहि स्थानिय समितीले गर्ने छ।

## ९. मासु पसल दर्ता सम्बन्धि व्यवस्था

१. नगरपालिकामा मासुजन्य पदार्थको गुणस्तर कायम गरि स्वस्थ मासुको बिक्रि बितरण गर्न मासु पसल दर्ता सम्बन्धि व्यवस्था जारी गरेको छ ।

२. मासुपसल सञ्चालन तथा दर्ता गर्न तपशिल बमोजिमको न्युनतम मापदण्ड पुरा गर्नुपर्नेछ ।

क. मासु पसल अन्य व्यवसाय सङ्ग अलगै बन्द कोठाभित्र हुनुपर्छ ।

ख. छुट्टा छुट्टै पशुपन्छीको मासु बिक्रि गर्न छुट्टै कक्ष हुनुपर्नेछ ।

ग. मासु राख्ने डिप फ्रिज, अचानो, बिधुतिय तौल मेशिन अनिवार्य हुनुपर्नेछ ।

घ. मासु काट्ने व्यक्तिले अनिवार्य एप्रोन लगाउन पर्ने छ ।

ङ. मासुको बिक्रि मुल्य कायम गरि टाँस गर्नुपर्ने छ ।

च. मासु काट्ने कक्षमा टाएल अनिवार्य हुनुपर्नेछ ।

छ. मासुको गुणस्तर कायम गर्न आवश्यक सरसफाई, झ्याल ढोका व्यवस्थापन गर्नुपर्नेछ ।

३. मासुजन्य पदार्थको बिक्रि बितरण गर्न मासु बिक्रेता प्रमाणपत्र अनिवार्य लिनुपर्नेछ ।

४. मासु पसल दर्ता गर्न तपसिल बमोजिमको कागजात सङ्लग्न गर्नुपर्नेछ ।

क. निवेदन

ख. सम्बन्धित वडा कार्यालयको सिफारिस

ग. नागरिकताको प्रतिलिपि

घ. सधिंयारको मञ्जुरीनामा सहिछाप सहित

ङ. सञ्चालक को फोटा २ प्रति पासपोर्ट साइज

५. बिक्रेता प्रमाणपत्र दर्ता गर्न तोकेअनुसार दस्तुर तिर्नुपर्नेछ ।

६. दर्ता पस्चात अनुसुचि ३ बमोजिमको प्रमाणपत्र उपलब्ध गराईनेछ
७. बिक्रेताले प्रत्येक ४ महिना मा गरेको बिक्रि परिमाण पशु विकास शाखा मा जानकारी गराउनुपर्ने छ।
८. कुनै अनियमिता भेटिएमा पशु बधशाला तथा मासु जाचँ ऐन २०५५ बमोजिम कार्बाही हुनेछ ।

**१०. अनुगमन सम्बन्धि व्यवस्था**

१. नगर कार्यपालिकाको कार्यालय, आर्थिक विकास समिती, तथा आर्थिक विकास महाशाखाले कार्यालयमा दर्ता भएका कृषि तथा पशु फार्म, कृषक समुह, मासु पसल तथा मल बिक्रि केन्द्रको अनुगमन गर्न सक्नेछ ।
२. उपदफा -१ बमोजिम अनुगमन गर्दा फार्म तथा समुहले उदेश्य अनुरुप कार्य सम्पादन नगरेको पाईएमा आवश्यक कारबाहीको लागि सिफारिस सहितको प्रतिवेदन कार्यालयमा दिन सक्नेछ ।

## परिच्छेद -३

**११ .बिबिध**

१. यस कार्यबिधिमा उल्लेख नभएका विषयवस्तुका सम्बन्धमा नगरकार्यपालिकाको कार्यालयको निर्णय बमोजिम हुनेछ ।
२. बाँधा अड्चन निरुपण तथा संशोधन
    क. यस कार्यविधि कार्यन्वयनमा बाधा, अड्काउ वा विवाद भएमा सो को निरुपण फलेवास नगर कार्यपालिकाले गर्नेछ ।
    ख. यो कार्यविधि आवश्यक संशोधन गर्नु परेमा फलेवास नगर कार्यपालिकाले गर्न सक्नेछ ।

अनुसुचि १

कृषि फार्म दर्ता प्रमाणपत्र

फलेवास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

खानीगाउँ, पर्वत

गण्डकी प्रदेश, नेपाल

दर्ता नं.: दर्ता मिति:

कृषि तथा पशुपंक्षी फार्म दर्ता प्रमाण-पत्र

फोटो

कृषक परिचय पत्र नं.

| | | | | |
|---|---|---|---|---|
| | | | | |

**फलेवास नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन कार्यविधि, २०७७ वमोजिम यो फार्म दर्ता प्रमाण –पत्र प्रदान गरिएको छ ।**

फार्मको प्रकारः

| | | | |
|---|---|---|---|
| **व्यक्तिगत** | | **साझेदारी** | |

१. क) संचालकको नाम, थरः .........................................................

ख) नागरिकता नं. ....................................... जारी जिल्ला र मितिः पर्वत/.........................................

२. ठेगानाः .........................................................................

३. फोनः ............................................ इमेलः .................................................................

फार्मको विवरणः

१. फार्मको नामः .........................................................................................

२. पुँजीगत लगानी (रु. मा)

३. फार्म रहने स्थानः फलेवास नगरपालिका वडा नं. ..................., टोलः ..........................

४. फार्म वहालमा रहेको भय घर/जग्गा धनीको नामः ...........................................................................

५. कारोवार गर्ने वस्तु वा सेवाको विवरणः ...........................................................................................

शर्तहरुः

१. प्रत्यक आ.व. को असोज मसान्तभित्र फार्म नविकरण गरिसक्नु पर्नेछ ।

२. व्यवसाय गरि आएको व्यवसाय गर्नुपर्दा वा छाड्नुपरे वडा कार्यालयको सिफारिसमा नगरपालिकावाट स्वीकृति लिनु पर्नेछ

३. आफुले सञ्चालन गरेको फार्म बन्द गर्नु पर्दा वा छाड्नु परेमा बाँकी कर तिरी व्यवसाय बन्द भएको जनाउ पत्र लिनु पर्नेछ ।

४. यो प्रमाण पत्र फार्म गरेको स्थानमा सबैले देख्ने गरी राखिनु पर्दछ र नगर कार्यपालिकाका कर्मचारीले हेर्न चाहेको वखत तुरुन्त देखाउनु पर्दछ ।

५. आफुले सञ्चालन गरेको फार्ममा बालश्रमिक प्रयोग पर्न पाइने छैन ।


६. आफूले सञ्चालन गरेको फार्मको फोहोरमैला तोकिएको स्थानमा राख्नु पर्दछ ।

७. उल्लेखित शर्तहरु पालन नगरेमा नगरपालिकाले जुनसुकै बखतमा यो प्रमाणपत्र रद्द गरी फार्म बन्द गर्न सक्नेछ ।

.................................. ..................................

# अनुसुची २

## कृषि समुह दर्ता प्रमाणपत्र



फलेवास नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, खानीगाउँ, पर्वत

आर्थिक विकास शाखा (कृषि/पशु)

गण्डकी प्रदेश, नेपाल

दर्ता नं.

फोटो

कृषक समूह दर्ता प्रमाण-पत्र


समूह पद्धतिलाई सु-व्यवस्थित गर्दै कृषि प्रसार कार्यलाई टेवा पुऱ्याउने उद्देश्यले यस फलेवास नगरपालिका वडा नं........... मा मिति ................... मा गठित श्री ............................. ......................... कृषक समूहहरुलाई यस नगर कार्यपालिकाको अभिलेखमा दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

मितिः

...............................

# अनुसुची ३

## मासु पसल दर्ता प्रमाणपत्र



फलेवास नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, खानीगाउँ, पर्वत

आर्थिक विकास शाखा (कृषि/पशु)

गण्डकी प्रदेश, नेपाल

दर्ता नं.

फोटो

मासु पसल दर्ता प्रमाण-पत्र

पर्वत जिल्ला फलेवास नगरपालिका वडा नं. ..........., ................................ मा बस्ने श्री ................................................ ले ...................................................... नामको मासु पसल सञ्चालन गरी आएको हुँदा सो मासु पसल यस नगरपालिकामा दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

................................

मितिः

## व्यवसायिक कार्ययोजना

फार्मको नामः

ठेगाना : फलेवास नगरपालिका वडा नं.: टोलः

संचालकको नामः मो.नं./टे.नं.:

१. व्यवसायको परिचयः

२. उद्देश्य

३. कृषि व्यवसायमा अनुभव तथा तालिमः

४. व्यवसाय संचालन गरिने स्थानको संक्षिप्त विवरणः

५. व्यवसाय संचालनका लागि रहेको पूर्वाधारहरुः

६. उत्पादित वस्तुको बजार तथा आगामि कार्ययोजनाः

७. अनुदान लिएको हकमा रकम र निकाय :

८. वार्षिक लागत तथा प्रतिफल :

कार्ययोजना पेश गर्नेः

प्रोपाईटरको नामः

दस्तखतः

आज्ञाले,
मुक्तिराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत